कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-३, अंक-३ आर्थिक वर्ष २०८२/८३ असार, २०८३

विशेष सम्पादकीय

आर्थिक वर्ष २०८२/८३ को बजेटको अवधि समाप्त भएको र २०८३/८४ को बजेट कार्यान्वयनमा रहेको छ। बजेट सरकारको वित्तीय दस्तावेज मात्र नभई सार्वजनिक जवाफदेहिताको दस्तावेज पनि हो। यो एउटा प्राविधिक दस्तावेज हो जसले सरकारको नीति तथा कार्यक्रम र आवधिक योजनाका लक्ष्य प्राप्तिका लागि आवश्यक स्रोतको परिचालन गर्दछ। यसर्थ बजेट तर्जुमा र कार्यान्वयनमा कुशलता र अनुशासनको माग रहन्छ। अनुशासनमा रहेर तर्जुमा गरिएको बजेटले स्रोत अनुमान र विनियोजन प्रस्तावबीच सन्तुलन कायम गरी नतिजामुखी क्षेत्रमा स्रोतको प्रवाह गर्दछ। प्रदेशको आवधिक योजनाले निर्धारण गरेको नतिजाका सूचक अनुसार प्राथमिकता प्राप्त क्षेत्र र बहुवर्षीय स्रोत सुनिश्चित भएका योजना र क्रमागत रुपमा सञ्चालित योजनालाई समयमा सम्पन्न गर्न तीन वर्षको आवश्यक स्रोतको प्रक्षेपण सहित मध्यकालीन खर्च संरचनाको अभ्यास पनि गर्ने गरिन्छ। बजेट तर्जुमाको लागि स्रोत अनुमान र मन्त्रालय एवं निकायगत बजेट सिलिङ्ग तथा बजेट तर्जुमा मार्गदर्शन पठाउने अभ्यास छ। आर्थिक वर्ष २०८३/८४ को बजेट र आर्थिक वर्ष २०८३/८४-२०८५/८६ को मध्यमकालीन खर्च संरचनाले आगामी दिनहरुमा बजेटको प्रवाह हुनुपर्ने क्षेत्र तथा मन्त्रालयगत बजेट सिलिङ्ग पूर्वानुमानको लागि महत्वपूर्ण आधार तयार गरेको छ। यसले बजेट तर्जुमालाई यथार्थपरक र अनुशासित बनाउनमा महत्वपूर्ण सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ। बजेट निर्माणमा दूरदृष्टि र पद्धति निर्माण महत्वपूर्ण हुन्छ। अल्पकालीन प्राथमिकतामा केन्द्रीत भई बजेट निर्माण गर्दा स्रोतको समुचित प्रयोग नभएको हुन सक्छ। शुरु गरिएका आयोजना समयमा सम्पन्न गरिएन भने बजेटको उपादेयता हराउन सक्छ। बजेटको अर्को पाटोको रुपमा रहेको राजस्वको अनुमान यथार्थपरक भएन भने राजस्वको दायरा विस्तारले बारम्बार अवरोधको सामना गर्नुपर्ने हुन सक्छ। आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा गर्दा यी पक्षहरुमा ध्यान दिईएको छ। मध्यमकालीन खर्च संरचनाको निर्माणले आगामी आर्थिक वर्षहरुमा बजेट तर्जुमा क्षेत्रमा गर्नुपर्ने सुधारको विषयमा मार्गदर्शन गरेको छ। प्रदेश संचरनाले बजेटको अभ्यास शुरु गरेको आठ वर्ष पुरा भएकोले गर्दा पनि अब नतिजामुखी बजेट तर्जुमामा केन्द्रीत हुन र अनुत्पादक क्षेत्रलाई बजेटको दायराबाट बाहिर राख्न आवश्यक भैसकेको छ।

सम्पादन तथा प्रकाशन

कोशी प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

विराटनगर, नेपाल

आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयनको सारांश

कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को **असार मसान्तसम्मको** समग्र आय-व्ययको विवरण, विगत दुई आर्थिक वर्षको आय-व्ययसँगको तुलनात्मक विवरण र आर्थिक वर्ष २०८३/८४ को बजेट विनियोजनको तुलनात्मक विश्लेषण समेत समावेश गरी यो अंकको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ। आर्थिक वर्ष २०८१/८२ को तुलनामा आर्थिक वर्ष २०८२/८३ को असार महिनासम्म बाँडफाँड भई आएको राजस्व र रोयल्टी तथा प्रदेशको आन्तरिक राजस्व सङ्कलनमा ७.७८ प्रतिशतले वृद्धि भएको छ भने राजस्व तथा अनुदान प्राप्ति (समग्र आय) मा ३.५९ प्रतिशतले वृद्धि भएको छ। आर्थक वर्ष २०८१/८२ को तुलनामा आर्थिक वर्ष २०८२/८३ मा प्रदेशको कुल खर्च, चालु खर्च, पूँजीगत खर्च र स्थानीय तह अनुदानको खर्चमा कमी आएको छ, भने वित्तीय व्यवस्थापनमा ४५.४२ प्रतिशत खर्च भएको छ। आर्थिक वर्ष २०८१/८२ को तुलनामा आर्थिक वर्ष २०८२/८३ मा संघबाट प्रदेशलाई प्राप्त हुने वित्तीय समानीकरण र सशर्त अनुदानमा केही प्रतिशत वृद्धि भएतापनि समपूरक र विशेष अनुदानमा कमी भएको छ।

कोशी प्रदेशको सरकारी खर्च

१. आर्थिक वर्ष २०८२/८३ को **असार मसान्तसम्म** वार्षिक विनियोजनको तुलनामा कुल खर्च, चालु खर्च, पूँजीगत खर्च र स्थानीय तह अनुदानको प्रगति प्रतिशत देहाय अनुसार रहेको छः-

चालु खर्च	पूँजीगत खर्च	वित्तीय व्यवस्थापन	स्थानीय तह अनुदान	कुल खर्च
६५.६३%	७२.२१%	४५.४२	८६.१३%	७१.६४%

चार्ट (क)- तीन आर्थिक वर्षको असार मसान्तसम्मको खर्चको अवस्था (रकम रु.लाखमा)



स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।

२. आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म जम्मा रु.२५ अर्ब ८६ करोड १८ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च रु.८ अर्ब ९७ करोड ६१ लाख, पूँजीगत खर्च रु.१२ अर्ब ३८ करोड १८ लाख र वित्तीय व्यवस्थापन खर्च रु. ४ करोड ५४ लाख र स्थानीय तह अनुदान रु. ४ अर्ब ४५ करोड ८५ लाख रहेको छ।

तालिका (क)- पछिल्लो तीन वर्षको असार महिनासम्मको खर्चको तुलनात्मक स्थिति (रु.लाखमा)

बजेट शीर्षक	आ.व.२०८०/८१			आ.व.२०८१/८२			चालु आ.व.२०८२/८३		
	बजेट	खर्च	प्रगति	बजेट	खर्च	प्रगति	बजेट	खर्च	प्रगति
चालु खर्च	१२१०८९	८३७६४	६९.२०%	१२९७७५	१०१३४८	७७.६०%	१३६७५८	८९७६१	६५.६३%
पूँजीगत खर्च	२०८७५५	१६३४८३	७८.३०%	१७४२५३	१३८२३४	७९.३०%	१७१४६२	१२३८१८	७२.२१%
वित्तीय व्यवस्था	१००	०	-	२००	०	-	१०००	४५४	४५.४२%
स्थानीय तह अनुदान	३८२४७	३३०२८	८६.४०%	४८५६५	४२२४७	९३.९०%	५१७६५	४४५८५	८६.१३%
जम्मा	३६८१९१	२८०२७५	७६.१०%	३५२७९३	२८१८२९	८०.६०%	३६०९८५	२५८६१८	७१.६४%

द्रष्टव्यः संघ सशर्त अनुदान थप भई असार मसान्तसम्म कायम बजेट विनियोजनको रकम उल्लेख गरिएको छ।

स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।

३. चालु आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्मको कुल खर्चमध्ये सबैभन्दा बढी असार महिनामा रु.९ अर्ब ४६ करोड ८६ लाख खर्च भएको छ, भने सबै भन्दा कम श्रावण महिनामा रु.८ करोड २८ लाख भएको छ।

तालिका (ख) आर्थिक वर्ष २०८२/८३ को मासिक खर्चको विवरण (रु.लाखमा)

महिना/शीर्षक	चालु खर्च	पूँजीगत खर्च	वित्तीय	स्थानीय तह अनुदान	मासिक जम्मा	मासिक खर्च प्रतिशत
श्रावण	८१२	१६	०	०	८२८	०.३२%
भदौ	५४५४	१३४१	०	११९५	७९९०	३.०९%
असोज	६७०६	५५१८	०	७२१३	१९४३७	७.५२%
कार्तिक	२९३९	१४४६	०	३१८	४७०३	१.८२%
मंसीर	४७७७	३३६५	०	३७२९	११८७१	४.५९%
पुष	६२६७	५३५१	०	३९७७	१५५९५	६.०३%
माघ	४३२१	५९३३	०	१३३६	११५८९	४.४८%
फाल्गुन	५२१३	५८८५	०	२८१२	१३९१०	५.३८%
चैत्र	६२८२	१२८७२	०	५३६४	२४५१७	९.४८%
बैशाख	५५०६	११२६१	४५४	३०५०	२०२७१	७.८४%
जेठ	८०७६	१५३३७	०	९८०८	३३२२१	१२.८५%
असार	३३४०८	५५४९४	०	५७८३	९४६८६	३६.६१%
वार्षिक जम्मा	८९७६१	१२३८१८	४५४	४४५८५	२५८६१८	१००.००%

स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।

४. आर्थिक वर्ष २०८१/८२ को तुलनामा आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशको समग्र खर्चमा कमी आएको छ। मन्त्रालय/निकायको खर्च विवरण देहाय अनुसार रहेको छ।

तालिका (ग) दुई आर्थिक वर्षको असार मसान्तसम्मको मन्त्रालयगत खर्चको विवरण (रु.लाखमा)

मन्त्रालय/निकाय	आ.व. २०८१/८२			चालु आ.व. २०८२/८३		
	विनियोजन	खर्च	प्रगति	विनियोजन	खर्च	प्रगति
कोशी प्रदेश सभा सचिवालय	२४५८	१९९३	८१.१%	२७५७	२३६६	८५.८२%
प्रदेश लोक सेवा आयोग	१२१९	११६३	९५.४%	१००६	९६८	९६.२३%
मुख्य न्यायाधिवक्ताको कार्यालय	२१३	१८७	८७.७%	२२०	१७८	८१.०४%
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३८२३	२२१३	५७.९%	५०५५	२०८७	४१.२९%
आर्थिक मामिला तथा योजना मन्त्रालय	३९२२३	३५१९५	८९.७%	३००२६	१८९०७	६२.९७%
उद्योग, कृषि तथा सहकारी मन्त्रालय	१६००१	११७१८	७३.२%	२१०३३	११९७२	५६.९२%
खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय	४४२५४	४०४९५	९१.५%	४६७०५	४०९८५	८७.७५%
आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१२८८८	९४९६	७३.७%	१०५२९	६४५९	६१.३५%
पर्यटन, वन तथा वातावरण मन्त्रालय	२३९८२	१८२९५	७६.३%	२८२०९	२१२२८	७५.२५%
भौतिक पूर्वाधार विकास मन्त्रालय	१११८०२	८४९६३	७६.०%	१०६५२५	७४५११	६९.९५%
सामाजिक विकास मन्त्रालय	१२७०४	९५२४	७५.०%	११५०३	८८५२	७६.९५%
स्वास्थ्य मन्त्रालय	३४३२४	२४०३२	७०.०%	३७३४९	२५०३०	६७.०२%
प्रदेश योजना आयोग	५१८	३०८	५९.५%	८६०	४८९	५६.८१%
अर्थ विविध	८१९	०	-	७४४४	०	०.००%
स्थानीय तह अनुदान	४८५६५	४२२४७	८७.०%	५१७६५	४४५८५	८६.१३%
जम्मा	३५२७९३	२८१८२९	७९.९%	३६०९८५	२५८६१८	७१.६४%

द्रष्टव्यः संघ सशर्त अनुदान थप भई असार मसान्तसम्म कायम बजेट विनियोजनको रकम उल्लेख गरिएको छ।

स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।

चार्ट (ख) दुई आर्थिक वर्षको असार मसान्तसम्मको मन्त्रालयगत खर्च प्रगतिको तुलना (प्रतिशतमा)



स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।

कोशी प्रदेशको राजस्व तथा अनुदान प्राप्ति

५. आर्थिक वर्ष २०८२/८३ असार मसान्तसम्म कुल राजस्व रु.१७ अर्ब २७ करोड ३५ लाख **(९४.६७%)** र संघ अनुदानको रु.१३ अर्ब ११ करोड १२ लाख **(९०.४०%)** गरी जम्मा रु.३० अर्ब ३८ करोड ४७ लाख रकम प्रदेश सञ्चित कोषमा प्राप्ति भएको छ।

तालिका (घ)- तीन आर्थिक वर्षको (असार सम्मको) राजस्व तथा अनुदान प्राप्तिको विवरण (रु.लाखमा)

आय शीर्षक	२०८०/८१	२०८१/८२	चालु आ.व.२०८२/८३			गत आ.व.को तुलनामा वृद्धि
			वार्षिक लक्ष्य	प्राप्ति	प्रतिशत	
संघीय राजस्व बाँडफाँट	९२५५२	१११३५२	**१२७४६६**	१२५६५१	**९८.५८%**	१२.८४%
प्रदेशको आन्तरिक राजस्व	४१६४४	४८९१७	**५५०००**	४७०८४	**८५.६१%**	-३.७५%
संघ वित्तीय समानीकरण अनुदान	६५०९७	८२०६३	**८९८३४**	८२१५३	**९१.४५%**	०.११%
सशर्त अनुदान	५५३४७	३७७६५	**४५७१०**	३९४७०	**८६.३५%**	४.५२%
समपूरक अनुदान	७३००	६५५०	**३९१७**	३९१७	**१००.००%**	-४०.२०%
विशेष अनुदान	७६००	६६७४	**५५७२**	५५७२	**१००.००%**	-१६.५१%
जम्मा	**२६९५४०**	**२९३३२१**	**३२७४९९**	**३०३८४७**	**९२.७८%**	३.५९%

नोटः नगद मौज्दात रु. ३ अर्ब १३ करोड र सशर्त अनुदान वापत थप भएको रु. २१ करोड ८६ लाख थप गरी चालु आ.व. २०८२/८३ को खुद आय अनुमान रु. ३६ अर्ब ९ करोड ८५ लाख रहेको छ।

स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।

६. प्रदेशका निकायबाट सङ्कलन हुने र मालपोत कार्यालय तथा स्थानीय तहबाट बाँडफाट भई प्राप्त हुने समेत प्रदेशको आन्तरिक राजस्व सङ्कलनको विवरण देहाय अनुसार रहेको छः-

तालिका (ङ)- आ.व.२०८२/८३ को आन्तरिक राजस्व सङ्कलनको मासिक विवरण (रु.लाखमा)

महिना/ शीर्षक	सवारी साधन कर	घरजग्गा रजिष्ट्रेशन शुल्क	अनुमतिपत्र, यातायात क्षेत्रको आम्दानी	व्यवसाय रजिष्ट्रेशन दस्तुर	अनुदान/निकासा फिर्ता, बेरुजु	*स्थानीय तहबाट प्राप्त	शुल्क/दस्तुर / जरिवाना	जम्मा राजस्व
श्रावण	०	०	५६५	७२	२४	३६	१७२	८६९
भदौ	११२७	९६	४५१	७६	४७	४	२०६	२००६
असोज	९३६	१००५	७७	४६	१९	१५	८९	२१८८
कात्तिक	३३८	११७९	२९३	४८	१०५	१७	२३१	२२१०
मंसिर	१६७२	१०२७	७१६	६१	६५	५	२९०	३८३६
पुष	१७०२	७७३	८२७	६४	४४	२७८	७९६	४४८३
माघ	१७८३	१६२८	७३२	४९	२९०	३९९	३४५	५२२६
फाल्गुन	१३६७	२२०	५२०	३०	७०	२३२	५२१	२९६१
चैत्र	९८८	१५१३	८२६	६२	३१४	५६१	१०६१	५३२६
बैशाख	२२८१	२३१४	८०१	५५	३६	१५०	२२७	५८६३
जेठ	१३११	२२२	७४४	५९	२७	२९५	४१०	३०६८
असार	१६५७	४२०१	९३५	७४	४४५	१३२५	४११	९०४८
असारसम्मको प्राप्ति	**१५१६२**	**१४१७८**	**७४८७**	**६९६**	**१४८७**	**३३१८**	**४७५६**	**४७०८४**
वार्षिक लक्ष्य	**१८४००**	**१५०००**	**८०००**	**९००**	**३३००**	**५०२६**	**४३७४**	**५५०००**
चालु आ.व.को प्रगति	८२.४०%	९४.५२%	९३.५९%	७७.२८%	४५.०५%	६६.०१%	१०८.७४%	८५.६१%
गत आ.व.को प्राप्ति	१५३७५	१३८६०	७०१९	८५६	४७९७	३२३०	३७८०	**४८९१७**
वृद्धि प्रतिशत	-१.३८%	२.३०%	६.६७%	-१८.७५%	-६९.०१%	२.७१%	२५.८३%	**-३.७५%**

*(*स्थानीय तहबाट प्राप्त राजस्वमा प्राकृतिक स्रोत बिक्री शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)*

स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।

७. गत आर्थिक वर्ष २०८१/८२ असारसम्मको तुलनामा आर्थिक वर्ष २०८२/८३ असारसम्म प्रदेशको आन्तरिक राजस्वमा ३.७५ प्रतिशतले कमी आएको छ। आन्तरिक राजस्व संकलनतर्फ गत आर्थिक वर्षको तुलनामा घर जग्गा रजिष्ट्रेशन, यातायात क्षेत्रको आम्दानी र स्थानीय तहबाट प्राप्त राजस्वमा सामान्य वृद्धि भएको छ भने अन्य शिर्षकमा राजस्व असूलीमा कमी आएको छ।

चार्ट (ग)- तीन आर्थिक वर्षको असार महिनासम्मको आन्तरिक राजस्व सङ्कलनको अवस्था

(रकम रु.लाखमा)



(*स्थानीय तहबाट प्राप्त राजस्वमा प्राकृतिक स्रोत बिक्री शुल्क, मनोरञ्जन कर र विज्ञापन कर बापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)

स्रोत:-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।